"कृषि उद्योग र पर्यटनमा वृद्धि :बारबर्दिया नगरको समृद्धि"
"INCREASE IN AGRICULTURE, INDUSTRY AND TOURISM: PROSPERITY OF BARBARDIYA MUNICIPALITY"

# बारबर्दिया नगरपालिका
# BARBARDIYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

स्थायी लेखा नं : २०१३१०९३७
कार्यालय कोड नं : ८०१०५५८०४

Google Plus Code:
898P+MP Jaynagar

जयनगर, बर्दिया
JAYNAGAR, BARDIYA

लुम्बिनी प्रदेश, नेपाल
LUMBINIPROVINCE, NEPAL

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति: २०८१/०४/१६ गते

सुरक्षित आप्रवासन नेपाल सरकार र स्वीस (सामी) सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यकम अन्तर्गत बारबर्दिया नगरपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरणका कार्यक्रम सञ्चालनका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

१. विज्ञापन नम्बर. ०५/२०८२-०८३

| क्र.सं . | पद | पद संख्या | योग्यता | शुल्क |
|---|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना (महिला) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह ,स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको ,Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने। | रु ७००/- |

**कार्य अवधि:** हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम**:मनोसामाजिक परामर्शकर्ता ( लिखित,अन्तरवार्ता र प्रयोगात्मक)

**तलब तथा अन्य सुविधा:** कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ।

**दरखास्त दिने अन्तिम मिति** : २०८२/०४/३० गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ। यस कार्यक्रमको लागि बारबर्दिया नगरपालिकाको वेवसाईटमा पाठ्यक्रम राखिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

084-404100, 404107ईमेल:barbardiyamun@gmail.com, info@barbardiyamun.gov.np
वेबसाइट:www.barbardiyamun.gov.np फेसबुक पेज:https://www.facebook.com/Barbardiyamunicipality/

CamScanner